मैवाखोला राजपत्र

मैवाखोला गाउँपालिकाद्वारा प्रकाशित

खण्ड (२) साघुँ, असार २१ गते २०८० साल (संख्या १)

भाग -२

# मैवाखोला गाउँपालिकाको आपतकालिन बालउद्वार कोष (सञ्चालन) सम्बन्धी कार्यविधी -२०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०३/२१

राजपत्रमा प्रकाशित मितिः २०८०/०३/३१

# आपतकालीन बालउद्धारकोष (सञ्चालन) कार्यविधि, २०८०

प्रस्तावना : आपतकालमा रहेका बालबालिकाहरूको उद्धार तथा पुनःस्थापना कार्यका लागि आपतकालीन बालउद्वारकोष खडा गर्न आवश्यक देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिइएको अधिकार प्रयोग गरी मैवाखोला गाँउपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "आपतकालीन बालउद्वार कोष (सञ्चालन) कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कोष" भन्नाले नियम ३ बमोजिमको आपतकालीन बालउद्वार कोष सम्झनु पर्छ ।

(ख) "आपतकालीन अवस्थामा रहेका बालबालिका" भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनु पर्छ ।

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(२) हराएको वा वेवारिसे अवस्थामा फेला परेको,

(३) करणीको कारणले बन्धकमा रहेको वा जबरजस्ती श्रमबाट पीडित भएको,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको,

५) दुर्घटना भएको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले वेवारिसे भएको,

(७) यौनशोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,

(८) हिंसाबाट प्रभावित भएको,

(९) बाबुआमाबाट बन्चित भएको,

(१०) अपाङ्गता भएको,

(११) सुस्तमनस्थिति भएको,

(१२) अपहरण वा शरीर बन्धकमा परेको,

(१३) सडक बालबालिका,

(१४) एच.आई.भी. एड्स संक्रमित भएको,

(१५) समितिले तोकेको अन्य बालबालिका,

(ग) "समिति " भन्नाले नियम ७ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

**३. कोषको स्थापना :**

(१) आपतकालमा परेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुन:स्थापना गर्ने काम समेतको लागिआपतकालीन बालउद्धार कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :-

(क) मैवाखोला गाँउपालिकाबाट प्राप्त रकम

(ख) नेपाल सरकार प्रदेश सरकारबाट प्राप्त रकम

(ग) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**४. कोषमा रकम जम्मा गर्ने :** बालबालिकाको क्षेत्रमा बालबालिकाको हक हितको तथा विपदमा परेकाबालबालिकाको उद्धारको लागि गाँउपालिकाले वार्षिक रूपमा कार्यपालिकाले तोके बमोजिमको रकममा नघटाईकोषमा जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :**

कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :-

(क) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत दिन तथा पुन:स्थापना गर्न,

(ग) समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न,

(घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न,

(ङ) बालबालिकाको हक हित सम्बन्धमा समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको कुल खर्चको पाँच प्रतिशतसम्मको रकमसमितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि उपयोग गर्न सकिनेछ।

**७. समितिको गठन :**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालन समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ।

(क) गाँउपालिका प्रमुख -अध्यक्ष

(ख) उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) प्रहरी प्रमुख,स्थानीय नेपाल प्रहरी कार्यालय -सदस्य

(ङ) बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूमध्ये समितिले ताकेको संस्थाबाट

प्रतिनिधित्व हुने गरी एकजना महिलासहित दुई जना -सदस्य

(च) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य- सचिव

(३) उपनियम (२) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) माथिका २ सदस्य कार्यपालिकाले उपयुक्त ठहराएको व्यक्तिलाई चयन गर्न सक्नेछ।

**८. समितिको काम,कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कुनै बालबालिका आपतकालीन अवस्थामा रहेको बालबालिका भए वा नभएको निर्धारण गर्ने,(ख)आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, पुनःस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाईराहत दिने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको समबन्धमा अनुगमन गर्ने,

(ङ) बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूमध्ये तोकेको संस्थाबाट आपतकालीन अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने,

(च) आपतकालीन अवस्थामा रहेकै बालबालिकालाई राहत दिने र पुनःस्थापना गर्ने,

(छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाहरूसँग समन्वय गर्ने,

(झ) समितिलाई तत्काल आवश्यक नपर्ने कोषमा रहेको रकम उपयुक्त ठाँउमा लगानी गर्ने,

(ञ) कोष वृद्धिका लागि स्रोतको खोजी गर्ने,

(ट) आपतकालीन अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने।

**९, समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले ताकेको मिति,समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य - सचिवले बैठकमा छलफलहुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठककालागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थितसदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिलेनिर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकतानुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमापर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय समितिको सदस्य- सचिवले प्रमाणित गरी राख्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

**१०. खाताको सञ्चालन :**

(१) कोषको रकम समितिले सनराईज बैंक लि.मा खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख वा निजले तोकेको कुनै अधिकृत र आर्थिकप्रशासन शाखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**११. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आय व्यायको लेखा गाँउपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१२. रकम फ्रिज नहुने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिकवर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१३. प्रतिवेदन पेश गर्ने :**

(१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन कार्यापालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

**१४, बैठक भत्ता** : समितिका अध्यक्ष र सदस्यले समितिको बैठकमा भाग लिएबापत गाँउकार्यपालिकाले तोकेबमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

**१५. अभिलेख राख्ने:** समितिले आफूले गरेको काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१६ निर्देशन दिन सक्ने :**

(१) गाँउकार्यपालिकाले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम गाँउकार्यपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१७. कोष खारेज हुन सक्ने :**

(१) कुनै कारणवस कोष सञ्चालन गर्न आवश्यक नभएमा गाँउकार्यपालिकाले खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम गाँउपालिकामा स्वत: हस्तान्तरण हुनेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत